प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १३ | वर्ष २ | जेष्ठ २५ गते | आईतबार




## गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान : हाम्रो अभियान

### गण्डकी प्रदेशको (COVID-19) सम्बन्धि जानकारी

**नेपालमा :**

३४४८
संक्रमित

१३
मृत्यु भएका

४६७
निको भएका

**गण्डकी प्रदेशको पछिल्लो तथ्याङ्क:**

५३०५
PCR परिक्षण गरिएको

७३८
नतिजा आउन बाँकी (PCR)

४४५४
संक्रमण नदेखिएको (PCR)

९३५०
RDT परिक्षण गरिएको

११४
संक्रमण देखिएको (PCR)

अद्यावधिक मिति : २०७७/०२/२५
समय : बेलुका ५:०० बजे





मिति २०७७/०२/२५ गते लेखनाथ सामुदायिक अस्पताललाई प्रदेश सरकारको स्वामित्वमा ल्याउनका लागि सम्झौता गर्ने सम्बन्धमा मुख्य न्यायाधीवक्ता डा. राजेन्द्र घिमिरेज्यू, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिव गणेश प्रसाद पाण्डेयज्यू, सचिव दल बहादुर अधिकारीज्यू, गण्डकी स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका उप सचिव ज्ञानराज पान्डेज्यू, उप सचिव कृष्ण प्रसाद आचार्यज्यू लगायतको उपस्थितिमा बैठक सम्पन्न भयो ।

काठमाडौँमा उपचाररत गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकाका व्यक्तिमा देखिएको कोरोना संक्रमण पश्चात नै स्वास्थ्य निर्देशानालय, स्वास्थ्य कार्यालय कास्की, पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा तथा नेपाल प्रहरीको संयुक्त समुहले शुरु गरेको खोजपड्ताल (Contact Tracing) बाट प्रत्यक्ष रुपमा सम्पर्कमा रहेका ३८ जना व्यक्तिहरुको मिति २०७७/०२/२५ गते नमुना संकलन गरि परिक्षणका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरामा पठाईएको छ ।

मिति २०७७/०२/२५ गते विहान गोरखा जिल्लामा देखिएको १० वटा कोरोना संक्रमितको Case Investigation & Contact Tracing का लागि स्वास्थ्य निर्देशालय, गण्डकी प्रदेशको एक टोली गोरखातर्फ प्रस्थान गरेको छ ।

**प्रेस बिज्ञप्ति (मिति:२०७७/०२/२५, दिउसो ४:१५ बजे)**
गण्डकी प्रदेश, पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पोखराको प्रि-आईसोलेसनमा रहनुभएका स्याङ्जा जिल्ला, वालिङ नगरपालिका स्थायी ठेगाना भएका बर्ष ६० का १ जना पुरुषमा कोरोना संक्रमणको पुष्टि भएको छ । वहाँलाई अहिले आईसोलेसन कक्षमा राखिएको छ साथै प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरुको खोजपड्ताल (Contact Tracing) समेत शुरु भैसकेको छ । यससँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको संख्या ११४ पुगेको व्यहोरा अनुरोध छ ।





मिति २०७७ साल जेष्ठ १९ गते स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश अर्न्तगतका जिल्लाहरुमा covid-19 रोकथाम तथा नियन्त्रणका लागि समाज कल्याण परिषद् र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वीकृती र सहकार्यमा स्वास्थ्य सामाग्री खरिद गरी Ipas Nepal द्वारा हस्तान्तरण कार्यक्रम माननीय सामाजिक विकास मन्त्रि नर देवि पुन मगरज्यूको अध्यक्षतामा सु–सम्पन्न भयो । उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, माननीय मन्त्रीज्यूको स्वकीय सचिव चन्द्रमणी सापकोटाज्यू, Ipas Nepal की सरस्वती पुरी लगायतको उपस्थिती रहेको थियो ।




मिति २०७७/०२/०९ भैरहवाको नमुना मा.वि. बाट क्वारेन्टाइनमा बसेकाहरुलाई म्याग्दी सम्मका लागि लिएर छुटेको म्याग्दी यातायात प्रा.लि. को गाडी नम्बर ना.५.ख २८९८ मा सवार भई विभिन्न ठाउँमा ओर्लिएका गोरखा पालुङटार न. पा. का १ जना र लमजुङ राईनास नगरपालिकाका ३ जना डुम्रे प्रहरी, तनहुँ भिमाद नगरपालिकाका ३ जना दुलेगौडा प्रहरी र पोखरा महानगरपालिकाको पुरानो बसपार्कमा ओर्लेका ४ जना पोखरा महा–नगरपालिकाको लेकसिटि B क्वारेन्टाइनमा भएको जानकारी छ ।

स्वास्थ्य निर्देशनालयको फेसबुक पेज मार्फत म्याग्दीका एक जना कोभिड–१९ संक्रमित व्यक्तिको सम्पर्कमा आएका सम्भावित व्यक्तिहरुको पहिचानका लागि खोजपड्ताल स्वरुप आव्हान गरिएको प्रेस विज्ञप्तिको आधारमा सम्बन्धित स्थानीय तहले सम्पूर्ण व्यक्तिको विवरण उपलब्ध गराएका थिए।

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना अनावरण कार्यक्रममा कोरोनाको रोकथामलगायत यसबाट परेको असरबारे प्राथमिकता दिइएको छ । स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउन प्रदेश स्वास्थ्य नीति, कानुन र मापदण्ड तर्जुमा गरिने र स्वास्थ्य क्षेत्रको सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ । संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना, सबै जिल्ला अस्पतालको स्तरोन्नति, ३ वर्षभित्र सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिने छ ।त्यस्तै कोरोना रोग विरुद्धका लड्नका लागि समेत विशेष कार्यक्रमहरु घोषणा भएका छन् । कोरोना उपचार कोषमा थप १५ करोड राखेर ३० करोड पुर्याइएको छ । निजी क्षेत्रबाट ३ करोडभन्दा बढी रकम संकलन भएको बताइएको छ । कोरोना विरुद्ध लड्नका लागि व्यापक परीक्षण र संक्रमितहरुको नि:शुल्क उपचार गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।संक्रामक तथा सरुवा रोगको उपचारको व्यवस्था गर्न नेपाल सरकारसँगको सहकार्यमा प्रयोगशाला परीक्षणसहितको अत्याधुनिक प्रविधियुक्त संक्रामक तथा सरुवा रोग अस्पताल स्थापना गरिने भएको छ । यसैगरी मनाङ र मुस्ताङ जिल्लाका अस्पतालमा २ शैया र बाँकी सबै जिल्लाका ९ अस्पतालमा ५ शैयाको सघन उपचार कक्षको स्थापना गरिने भएको छ ।



मिति २०७७/०२/२० गते गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूले नवलपुर जिल्ला, रजहर स्थित प्राकृतिक सामुदायिक चिकित्सालयबाट त्यहाँको आइसोलेसन वार्डमा गरिएको व्यवस्था र केस व्यवस्थापन बारे जानकारी दिनुभयो । उक्त आइसोलेसन वार्ड तत्कालका लागि १ सय बेडबाट सुरु गर्ने र विस्तारै ४ सय ५० बेड तयार पारिने बताउनुभयो ।



कोभिड-१९ व्यवस्थापनमा अशक्तता, समावेशीकरण र पुन:स्थापना सम्बन्धी नर्सिङ र कोरोना उपचार गर्ने अस्पतालका प्यारामेडिक्सका लागि हरियोखर्क अस्पतालमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा मणिपाल शिक्षण अस्पताल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका नर्स तथा मेडिकल स्टाफहरुले भाग लिएका थिए ।



**स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशमा प्रयोगशाला व्यवस्थापन र पिसिआर परिक्षणलाई थप विस्तार गर्ने विषयमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रका निर्देशक खिम बहादुर खड्काज्यू, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रयोगशालाका डा. मोनी सुवेदीज्यू, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशक सपना सुवेदीज्यू र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रयोगशालाका प्राविधिक शंकर भण्डारीज्यू लगायत सम्मीलित एक बैठक सम्पन्न भयो ।**









गण्डकी प्रदेश, सामाजिक बिकास मन्त्रालयका माननीय मन्त्री श्री नरदेवी पुन मगरज्यू लगायत मन्त्रालयका अन्य व्यक्तित्वद्वारा ३ जिल्लाको भ्रमण गर्नुभएको थियो । उहाँले पर्वत, बाग्लुङ र म्याग्दीको भ्रमण गरि आईसोलेसनमा रहेका व्यक्तिहरु, क्वारेन्टाइनको अवस्था तथा स्वास्थ्य सामाग्रीको आपूर्तिको अवस्था लगायत विविध विषयमा छलफल गर्नुभएको थियो । उहाँले आइसोलेसनमा बसेकालाई राम्रोसंग स्याहार गर्ने व्यवस्था मिलाउने, जिल्लास्तरीय सहजीकरण समिति, परामर्श समिति बनाउदा उचित हुने तथा समस्या छ भने समाधानका उपाय निकालिने धारणा राख्नुभएको थियो । साथै जिल्ला CCMC को क्रियाशीलताको प्रशंसा समेत गर्नुभएको थियो ।




स्वास्थ्य तथा जनसङ्ख्या मुख्य मन्त्रालयद्वारा आयोजित ज्भबतिज ऋगिकतभच बैठकमा स्वास्थ्य निर्देशनालयका तर्फबाट नवराज शर्माज्यू र विश्व स्वास्थ्य संगठनका डा. राजिव लालचन र भानु याङदेनले सहभागिता जनाउनुभएको थियो ।



कोभिड–१९ संक्रमित विरामीहरुको उपचार व्यवस्थापन र भीरकोट नगरपालिका स्थित कालिका सामुदायिक अस्पताललाई कोभिड–१९ अस्पतालको रुपमा विकास गर्नको निम्ती स्वास्थ्य निदेशनालयका निर्देशकज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, अस्पताल व्यवस्थापन समितीका अध्यक्षज्यू, नगर प्रमुखज्यूहरुको बिचमा पुर्व तयारी बैठक सम्पन्न भयो । उक्त अस्पताललाई स्याङ्जा जिल्ला अस्पतालको नेतृत्वमा स्थानिय तहको सहयोग लिई व्यवस्थित गरिने भएको छ । यस कार्यमा प्रदेश सरकारले समेत आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएको थियो ।

मिति २०७७/०२/२३ सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको आतिथ्यतामा र श्रीमान् सचिवज्यूको उपस्थितीमा तथा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र स्वास्थ्य तालिम केन्द्रका निर्देशकज्यू लगायत महाशाखा प्रमुखज्यूहरुको सहभागितामा सामाजिक विकास मन्त्रालयको आ.ब. २०७७/७८ को योजनाको अन्तिम खाका तयार पार्नका लागि बैठक सम्पन्न भएको थियो ।







स्वास्थ्य कार्यालय, कास्कीको सभाहलमा कास्की जिल्ला भित्रका स्वास्थ्य संयोजक लगायतका स्वास्थ्यकर्मीहरुका लागि Case Investigation & Contact Tracing र Gandaki Province Health Information Portal सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो ।





नेपाल सरकारको समन्वयमा देशका विभिन्न सरकारी अस्पतालबाट HIV संक्रमितलाई ART सेवा दिँदै आएको AIDS Health Care Foundation (AHF Nepal) पोखरा शाखाले विपन्न बर्गका दैनिक ज्यालादारी गरी जिविकोपार्जन गर्दै आइरहेका HIV संक्रमित एकल महिला, असहाय, गरिब विरामी तथा HIV संक्रमित बच्चाहरूलाई लक्षित गरी विभिन्न खाद्यान्न राहात स्वरूप वितरण गरेको थियो।

AHF नेपाल पोखराका क्षेत्रीय संयोजक डा. प्रिती आचार्यको संयोजकत्वमा अस्पतालमै ART सेवा लिन आउने बिरामीलाई औषधि साथसाथै राहत स्वरूप सर्वोत्तम पिठो, तेल, दाल, लगायत अन्य खाद्यान्न वितरण गरिएको छ। साथै ART सेवा लिन अस्पताल आउन नसक्ने बिरामीलाई AHF नेपालमा कार्यरत कर्मचारीका साथै CHBC को सहयोगमा घर घरमा राहत स्वरूप खाद्यान्न वितरण गरिएको थियो ।

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक डा. विनोद विन्दु शर्माज्यूको अध्यक्षतामा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र स्वास्थ्य तालिम केन्द्रका निर्देशक श्री खिम बहादुर खड्काज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखहरु श्री शम्भु ज्ञवालीज्यू, डा. राम बहादुर के.सी.ज्यू, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त प्रमुख श्री सपना सुवेदीज्यू, प्रदेश प्रहरीका प्रतिनिधि, पोखराका विभिन्न अस्पतालका प्रतिनिधीहरु, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधी लगायत स्वास्थ्य निर्देशनालयका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो । अनलाइन जुम सफ्टवेयरबाट EDCD काठमाडौंका प्रतिनिधि र गण्डकी प्रदेशका स्वास्थ्य निर्देशनालय, सामाजिक विकास मन्त्रालयको वीचमा स्वास्थ्य सामग्रीको आपुर्ती व्यवस्थापन, Malaria Case Management, भावी योजना लगायत मलेरिया नियन्त्रण र अन्य चुनौतीका बारेमा पनि छलफल भएको छ ।





नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर १०९२